कुनै मुस्लिम व्यक्तिको रगत वैध हुदैन, अर्थात् उसको हत्या गर्न अनुमति छैन, सिवाय तीन अवस्थाहरूमा

इब्न मसऊद (रजियल्लाहु अन्हु) ले बयान गरेका छन्, रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ: "कुनै मुस्लिम व्यक्तिको रगत वैध हुदैन, अर्थात् उसको हत्या गर्न
अनुमति छैन, सिवाय तीन अवस्थाहरूमा। पहिलो, विवाहित भएर व्यभिचार गर्ने व्यक्ति; दोस्रो, जसले कुनै निर्दोष मानिसको हत्या गर्छ (किसास); र तेस्रो, जसले आफ्नो धर्म त्याग्छ र मुस्लिम समुदायबाट अलग हुन्छ।" [सही] [मुत्तफकुन अलैहि]

नबी (सल्लल्लाहु अलैहि वसल्लम) ले स्पष्ट गर्नुभएको छ, मुस्लिमको रगत (ज्यान) तीन विशेष अवस्थाहरूमा बाहेक हराम (अवैध) छ: पहिलो: जसले वैध रूपमा विवाहपछि व्यभिचार गरेको छ, उसलाई ढुङ्गाले हानेर मार्ने विधान छ। दोस्रो: जसले जानाजानी र नाजायज रूपमा कुनै निर्दोष व्यक्तिको हत्या गरेको छ; शर्तहरू पूरा भएमा उसलाई पनि मारिनेछ। तेस्रो: मुस्लिम समुदायबाट बाहिरिने व्यक्ति — चाहे उसले धर्मत्याग गरेर पूरा इस्लाम त्यागेको होस्, वा धर्मत्याग नगरी यसको केही अंश त्यागेको होस्, जस्तै — विद्रोहीहरू, बाटो काट्ने डाकुहरू र खवारिज जस्ता लडाकुहरू।

http://www.sunnah.global/hadeeth/ne/show/4714